"खानेपानी, सडक, विद्युत, कृषि, पर्यटन, सञ्चार, खेलकुद, स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षा पौवादुङमावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

च्याङ्ग्रा, भोजपुर
१ नं प्रदेश, नेपाल

२०७९।०८० प्रशासन
पत्र सं.:-
चलानी नं.:-

मिति:- २०७९।०६।०३

सातौ संविधान दिवस, २०७९ को शुभकामना ।

नेपाली जनताको लामो संघर्ष र बलिदानका साथ संविधानसभा मार्फत संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको यस ऐतिहासिक दिन तथा राष्ट्रिय दिवसको शुभ अवसरमा देशभित्र र देश बाहिर रहनु भएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै यस अवसरमा मुलुकमा विभिन्न कालखण्डमा राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, शान्ति र लोकतन्त्रको खातिर आन्दोलन तथा संघर्षको क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रध्दासुमन अर्पण गर्दै लोकतन्त्र विधिको शासन प्रणाली स्थापना गर्नको लागि आन्दोलनको अगुवाई गर्नुहुने सम्पूर्ण योध्दाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपाली जनताको अमूल्य योगदानसंगै जनताको प्रतिनिधित्व सहितको बिश्वकै उत्कृष्ट संविधान हामीले पाएकोमा हामी गर्भान्वित भएका छौं । यहि संविधान मार्फत सामान्ती निरंकुश केन्द्रीकृत राज्य व्यवस्थाको अन्त्य गर्दै सबै प्रकारको विभेद र उत्पीडनको अन्त्य भई सबै नेपाली नागरिकहरुलाई बृहत राष्ट्रिय एकताको सुत्रमा बाँधेको छ । यहि संविधानको जगमा टेकेर राष्ट्रिय एकताको सुदृढीकरण गरी शान्ति, समुन्नत र समृद्ध नेपाल बनाउने कार्यमा सधै अगाडी बढ्न म सम्पूर्ण राजनैतिक दल, संघसंस्था तथा आम जनसमुदायलाई हार्दिक आव्हान गर्दछु ।

अन्तमा, संविधानको कार्यान्वयन संगै आम नागरिकको हित र मुलुकको समृद्धि हाँसिल गर्न सकौ भनी सातौ संविधान दिवस, २०७९ को सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

०३ आश्विन, २०७९

किरण राई
अध्यक्ष